नेपाल सरकार
गृह मन्त्रालय
प्रहरीप्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(पिलर १)

फोन: ०१-४४११७७६
Ext: १५
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगंज, काठमाडौं

# प्रेस विज्ञप्ति-५९

## " ठगी कसुरका फरार प्रतिवादी पक्राउ "

जिल्ला प्रहरी कार्यालय दाङमा ठगी कसुर अन्तरगत मुद्दा दर्ता भई वादी नेपाल सरकार प्रतिवादी विकाश पुन समेत भएको ठगी कसुर मुद्दामा वारदात पश्चात फरार भई काठमाण्डौका बिभिन्न स्थानहरुमा लुकिछिपी बसेको भन्ने विशेष सुचनाको आधारमा मिति २०७८/१०/०३ गते का.जि. का.म.न.पा. वडा नं. ११ सुन्धारा स्थित होटल भ्यु ग्लोबलमा लुकिछिपी बसिरहेको अवस्थामा यस ब्यूरोबाट खटिएको प्रहरी अधिकृत सहीतको टोलीले निजले प्रयोग गर्दै आएको प्रदेश ३ ०१ ०२२ च ०११८ नं. को रातो कलरको हुन्डाई कम्पनिको क्रेटा मोडलको गाडी सहीत पक्राउ गरी आवश्यक कानूनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय, दाङ पठाईएको एवं निज प्रतिवादी विकाश पुन विगतमा समेत निम्न कसुरहरुमा संलग्न रही फरार रहेको व्यहोरा सूचित गरिन्छ।

निम्न:

१. मिति २०६४/११/१३ गते जि. दाङ त्रि.न.पा. वडा नं. १० पुरानो राप्ती नजिकै किशोर के.सी. र प्रविण के.सि. लाई विकाश पुन समेतका व्यक्तिहरुले गोली, खुकुरी लगायतका हातहतियार प्रयोग गरी कुटपिट गरेको कसुरमा सम्मानित दाङ जिल्ला अदालतबाट धरौटी राखी छुटेको।

२. मिति २०६५/०७/०५ गते जि. दाङ स्थित भ्याली होटलमा विकाश पुन समेतका व्यक्तिहरुले हातहतियार देखाई डाँका चोरी गरेको कसुरमा संलग्न रही फरार रहेको।

३. मिति २०६९/१०/०७ गते याम बहादुर थापालाई कुटपिट गरी घाईते भएको घटनामा संलग्न रही ज्यान मार्ने उद्योग कसुरमा फरार रहेको।

४. मिति २०७०/१२/१२ गते जि. दाङ रोल्पा इरिवाड-५ बस्ने पदम चन्दलाई गोली प्रहार गरी गम्भिर घाईते बनाएको घटनामा संलग्न रही हातहतियार तथा खरखजाना कसुरमा फरार रहेको।

५. मिति २०७३/०८/०६ गते जि. दाङ घोराही न.पा. वडा नं. ११ स्थित लोक बहादुर के.सी.लाई धारिलो हतियार प्रहार गरी घाईते बनाएको घटनामा संलग्न रही ज्यान मार्ने उद्योग कसुरमा फरार रहेको।

पक्राउ व्यक्ति:



१. नाम : विकाश पुन
उमेर: ४१ वर्ष
वतन : जि. दाङ, घोराही उ.म.न.पा वडा नं. १५ लालीगुराँस टोल
पक्राउ मिति :२०७८/१०/०३ गते
पक्राउ स्थान : का.जि.का.म.न.पा.वडा नं. ११ सुन्धारा

उप निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर : ९८५१२९१३११
मिति : २०७८/१०/०३ गते